कारोबार
karobardaily.com

बिहीबार, १९ पुस २०८०
THURSDAY, 4 JANUARY 2024

# नेपाल एसबिआई बैंक लिमिटेड
# NEPAL SBI BANK LTD.

प्रधान कार्यालय: कमलादी, काठमाडौं, फोन: ०१-४५३५६१३/५९७०३३३

## शेयरधनी महानुभावहरुलाई लाभांश वितरण सम्बन्धी सूचना

यस बैंकको २०८०/०९/१३ मा सम्पन्न ३०औं वार्षिक साधारण सभाबाट बैंकका शेयरधनीहरुलाई ३.७५ प्रतिशत बोनस शेयर र ६.८० प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित भए बमोजिम उक्त बोनस शेयर सूचीकरण भए पश्चात् अभौतिक रुपमा शेयर धारण गर्नुभएका सम्बन्धित शेयरधनीहरुलाई हितग्राही खातामा र भौतिक रुपमा शेयर धारण गर्नुभएका सम्बन्धित शेयरधनीहरुलाई निजहरुले शेयर अभौतिकीकरण गराउनु भए पश्चात् हितग्राही खातामा जम्मा गरिने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, साधारण सभाबाट पारित नगद लाभांश मिति २०८०/०९/१३ गतेको साधारण सभा पश्चात् सम्बन्धित शेयरधनीहरुलाई निजहरुले हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिसकिएको जानकारी गराइन्छ।

हालसम्म पनि शेयर अभौतिकीकरण नगराउनु भएका तथा हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक नगराउनु भएका शेयरधनीहरुलाई देहाय बमोजिम गर्न हुन अनुरोध गरिन्छ।

क) शेयर प्रमाणपत्र अभौतिकीकरण गरिसक्नु भएका शेयरधनीहरुले आफ्नो हितग्राही खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सम्पर्क गरी आफ्नो बैंक खाताको विवरण अद्यावधिक गर्नु भए पश्चात सोही बैंक खातामा नगद लाभांश जम्मा गर्ने व्यवस्था मिलाइने हुँदा बैंक खाता अद्यावधिक गर्नहुन।

ख) हितग्राही खाता खोल्न बाँकी तथा हितग्राही खाता खोलेर पनि हालसम्म भौतिक रुपमा नै शेयर प्रमाणपत्र धारण गर्नुभएका शेयरधनी महानुभावहरुले यथासक्य छिटो हितग्राही खाता खोल्नुहुन तथा शेयर अभौतिकीकरण गर्नुहुन।

ग) हितग्राही खाता खोल्न बाँकी र विगतका वर्षहरुमा जारी गरेको बोनस शेयरको प्रमाणपत्र संकलन गर्न बाँकी रहनुभएका शेयरधनीहरुले यस बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. ठमेलमा सम्पर्क राखी हितग्राही खाता खोल्न तथा शेयर प्रमाणपत्रहरु संकलन गरी अभौतिकीकरण गर्न सक्नुहुनेछ।

घ) आफ्नो शेयर धितोमा राखी कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट धितो राखेको शेयरको संख्या समेत खुल्ने गरी No Objection Letter प्राप्त गरी बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि. ठमेलमा पेश गरे पश्चात नगद लाभांश हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

**हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा ध्यान दिनुपर्ने कुराहरु:**

१. आफ्नो बैंक खाता नेपाल एसबिआई बैंक लिमिटेड वा नेपाल क्लियरिङ्ग हाउसबाट IPS को सदस्यता प्राप्त बैंक वा वित्तीय संस्थामा नै हुनुपर्नेछ र सम्बन्धित शेयरधनीको नाममा (नाबालक भएमा निजकै नाममा) रहेको चल्ती वा बचत खाता हुनुपर्नेछ। हितग्राही खातामा बैंक खाताको विवरण अद्यावधिक गराउदा सोही बमोजिमको खाता हुनुपर्नेछ।

२. बैंक खाता नं. रुजु नभएको, मर्जर पश्चात् खाता रहेको बैंकको नाम परिवर्तन भएको, हितग्राही खाता र बैंक खाताको नाम रुजु नभएको कारणले लाभांशको रकम खातामा जम्मा हुन नसकेका शेयरधनीहरुको हकमा हितग्राही खातामा उल्लेखित विवरण अद्यावधिक भए पश्चात नगद लाभांश बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

३. बैंक खातामा नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक वा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीले नै व्यहोर्नु पर्नेछ।

शेयर रजिष्ट्रार

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np